चित्लाङ-थानकोट सडक स्तरीकरण हुने । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१५, ● अंक-३० ● २०७९ माघ २३ गते सोमबार, ● 06 Feb. 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# चित्लाङ स्वास्थ्य चौकी भवन शिलान्यास



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको वडा नम्बर ९ चित्लाङमा स्वास्थ्य चौकीको भवन शिलान्यास गरिएको छ । चौध कोठे भवनको थाहनगर प्रमुख विष्णु बहादुर विष्ट र उपप्रमुख भरत गोपालीले संयुक्त रूपमा २० माघमा शिलान्यास गरेका हुन् । च्वाइस नेपाल र थाहा नगर पालिकाको आर्थिक सहयोगमा चित्लाङ स्वास्थ्य चौकी भवन निर्माण हुने भएको हो । शिलान्यास कार्यक्रमका प्रमुख अतिथि तथा नगर प्रमुख विष्टले नागरिकलाई स्वास्थ्य सेवा दिने उद्देश्यले स्वास्थ्य चौकी भवन निर्माणका लागि शिलान्यास गरिएको बताए ।

सामान्य विरामी हुँदा पनि घर नजिकैको स्वास्थ्य केन्द्रबाट सेवा लिनका लागि विष्टले आग्रह गरे । नगरिककाको दुःख सुखमा साथ दिने गाउँको सरकार भएकाले समस्या पर्दा पालिकालाइ सम्फन उनले आग्रह गरे । प्रमुख विष्टले स्वास्थ्य चौकी भवनको निर्माणले यस क्षेत्रका नागरिकले प्रभावकारी स्वास्थ्य सेवा प्राप्त गर्ने भन्दै समयमै गुणस्तरीय निर्माण कार्य गर्न आग्रह गरे । कार्यक्रममा सहयोगी दाता च्वाइस नेपालका कन्ट्री डाइरेक्टर प्रतीक शर्माले स्वास्थ्य क्षेत्रको पुर्वाधार विकास गर्ने उद्देश्य रहेको बताउदै निर्माण कार्य सम्पन्न भएपछि पनि च्वाइसले अस्पतालमै सुत्केरी, सवैलाई स्वास्थ्य सेवा, आकस्मिक सेवा, प्राविधिकलाई तालिम तथा दक्ष जनशक्ति उत्पादन गरि सेवा प्रदान गरिने बताउदै नमुना काम गरी गुणस्तरीय काममा ध्यान दिन निर्माण समितीलाई आग्रह गरे ।

२ करोड १० लाख बजेट रहेको योजनामा च्वाइस नेपालले १ करोड ५० लाख तथा थाहा नगरपालिकाको ५० लाख सहित च्वाइसको प्राविधिक सहयोग रहने र डेढ वर्षमा निर्माण पूरा गर्ने लक्ष रहेको च्वाइसका प्रताप घिमिरेले बताए । स्वास्थ्य चौकी निर्माण समितिका अध्यक्ष राजिव नापितको अध्यक्षतामा सम्पन्न शिलान्यास कार्यक्रममा थाहा नगर पालिकाका उपप्रमुख भरत गोपाली, ९ नम्बर वडा अध्यक्ष राजकुमार बलामी, राजनीतिक दलका प्रतिनिधिहरू, स्थानीयको उपस्थिति रहेको थियो ।

# वृहत्त खानेपानीको भौतिक प्रगती ३० प्रतिशत

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहानगरमा सञ्चालन भइरहेको वृहत्त खानेपानी आयोजनाको काम द्रुत गतिमा भइरहेको पाइएको छ । १९ माघमा खानेपानी आयोजनाको निर्माण कम्पनी र थाहानगर प्रमुख विष्णु बहादुर विष्टबीच भएको छलफलमा यस्तो बताइएको हो ।

थाहा नगरपालिका वडा नम्बर १, २, ३ र ४ का बासिन्दाका लागि निर्माण थालिएको पालुङ वृहत्त खानेपानी आयोजनाको करिब ३० प्रतिशत काम सम्पन्न भएको सुपरभाइजर विकास लामाले जानकारी दिए । उनका अनुसार १ सय २३ किलोमीटर पाइपलाईन विस्तार गर्ने सम्फौता भएकोमा ३१ किलोमिटर र ३७ पानी ट्याङ्की तथा ट्रिटमेन्टप्लान्ट निर्माण गर्नुपर्नेमा १३ वटा अन्तिम चरणमा पुगेको छ । दुईवर्ष भित्र निर्माण सक्ने आयोजनाको लक्ष्य रहेको छ । छलफलमा गुणस्तरीय निर्माण सामाग्री प्रयोग गर्ने तथा छुट भएको गाउँटोललाई समेट्ने विषयमा पनि छलफल भएको थाहानगर प्रमुख विष्णु विष्टका प्रेस संयोजक शम्भु अधिकारीले



जानकारी दिए ।

आयोजनाबाट छुट हुन पुगेका गाउँटोलमा खानेपानी विस्तारका लागि तत्काल तथ्याङ्क संकलन गरी संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, नगरपालिका र निर्माण व्यवसायीबीच छलफल गरी निर्णयमा पुगिने नगर प्रमुख विष्टले बताए । 'अब छिट्टै तथ्याङ्क संकलन गरी बैठक बस्छौं, सबै नगरबासीलाई शुद्ध र गुणस्तरीय खानेपानीको व्यवस्था गरेरै छाड्छौं'-प्रमुख विष्टले भने । थाहाको ४ वटा वडामा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको सहयोगमा १७ करोडको लगानीमा खानपानी आयोजना निर्माण भइरहेको छ । आयोजना दुई वर्षभित्रमा सम्पन्न गर्ने निर्माण कम्पनीसंग सम्फौता छ ।

# विरामी चितुवालाई अस्पताल लगियो

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगर पालिकाको वडा नम्बर २ कोलाचौर नजिकै भेटिएको विरामी चितुवालाई उपचारको लागि चितवन राष्ट्रिय निकुञ्ज लगिएको छ ।

१८ माघ विहान ७ बजेतिर बिरामी चितुवा देखेपछि स्थानीयहरूले इलाका प्रहरी कार्यालय र पालुङ सव डिभिजन वन कार्यालयलाई जानकारी गराएका थिए । कोलाचौरको नवराज ढकालको घर नजिकै भेटिएको उक्त चितुवा १ मिटर ८० सेन्टिमिटर लम्बाई र अन्दाजी २५ किलो तौलको रहेको थियो । पालुङ प्रहरी तथा वन कार्यालयले दिउँसो साँढे २ बजेतिर राप्ती डिभिजन वन कार्यालय मनहरीको जिम्मा लगाइ पठाइएको हो ।

राप्ती डिभिजन वन कार्यालयबाट आएका वन कर्मचारीहरूले चितुवाको उपचारको लागि चितवन राष्ट्रिय निकुन्जको अस्पताल लगिने राप्ती डिभिजन बनका जमदार हस्त बहादुर थापा मगरले बताए ।

# हिमालयन स्कूलको अध्यक्षमा कार्की

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ मा रहेको हिमालयन ईङ्लिस बोर्डिङ सेकेण्डरी स्कुलको अभिभावक भेला तथा पुरस्कार वितरण कार्यक्रम भएको छ । विद्यालयमा २० माघमा भएको भेलाले विद्यालयका संस्थापक पुरूषोत्तम कार्कीको अध्यक्षतामा विद्यालय व्यवस्थापन समितिको चयन गरेको छ ।

समितिको सदस्यहरूमा अभिभावकहफुको तर्फबाट सरोज बिष्ट, नवराज कार्की, उर्वशी रायमाफी रहेका छन् । त्यस्तै समितिमा विद्यार्थीबाट सिम्रन खड्का, शिक्षक प्रतिनिधि लक्ष्मी पौडेल रहेका छन् । समितिमा नगर शिक्षा समितिबाट १ जना र वडा जनाप्रतिनिधिबाट १ जना सदस्य रहने विद्यालयका प्रधानाध्यापक तथा बिद्यालय ब्यवस्थापन समितिका सदस्य सचिब बाबुलाल कार्कीले बताए ।

यसैबीच २० माघमै विद्यालयको आन्तरिक परीक्षामा उत्कृष्ट हुने विद्यार्थीहरूलाई पुरस्कार बितरण गरि एको थियो । विद्यालयका शिक्षक शुसान्त गोपालीको संयोजकत्वमा भएको कार्यक्रममा पालुङ बहुमुखी क्याम्पसका प्राध्यापक रामहरि अधिकारी, न्यु भिजन एकेडेमीका प्रधानाध्यापक सुदर्शन कार्की, थाहानगर कार्यपालिका सदस्य पबित्रा ठकुरी कार्की, वडा नम्बर ३ को सदस्य कबिता बिष्ट लगायतको आतिथ्यता रहेको थियो ।



विद्यालयकी शिक्षक निशा विष्टले संचालन गरेको कार्यक्रममा बिद्यालयका संयोजक संगम कार्कीले स्वागत मन्तव्य ब्यक्त गरेका थिए । विद्यालयमा नर्सरीदेखि कक्षा १० सम्म अध्ययन हुँदै आएको छ ।



# • सम्पादकीय •

## सँधै बिचौलियको मारमा किसान

किसानहरुले आफ्ना उत्पादन सडकमा फालेर विरोध जनाइरहेका छन् । कतै तरकारी त कतै कुखुरा अण्डालगायतका कृषि उत्पादन सडकमा फालेर किसानहरुले बिरोध जनाइरहेका छन् । कृषि उत्पादनको बजारीकरणमा बिचौलिया हाबी भएको र राज्य मूकदर्शक बनेको किसानहरुको आरोप छ । अहिले देशभरि नै तरकारी उत्पादक किसानहरुले बजार पाउन नसकेर उत्पादन खेर फालिरहेका छन् । सबैतिर बिचौलियाको रजगज चल्दा एकातिर किसानले मूल्य पाएका छैनन् भने अर्कातर्फ उपभोक्ता चर्को मूल्य तिर्न बाध्य छन् । कतिसम्म भने चितवनबाट पाँच रुपैयाँ किलोमा तरकारी खरिद गरेर काठमाडौंमा ५० रुपैयाँ किलोमा बेचिरहेका छन् । यो समस्या देशभरि नै देखिएको छ । सरकारले बेलैमा हस्तक्षेप नगर्ने हो भने बिचौलियाकै कारण देशभित्रको तरकारी उत्पादन घट्दै जाने र भारतीय तरकारीले नेपाली बजार कब्जा गर्ने गम्भीर खतरा छ । अहिले तरकारी उत्पादक किसानले मूल्य नपाउँदा हैरानी व्यहोरिरहेका छन् भने नेपाली बजार भारतीय तरकारीले ढाकेको छ । भारतीय तरकारीको निर्वाध आयातले एकातिर नेपाली किसान मारमा परिरहेका छन् भने अर्कातिर ब्यापार घाटा पनि चुलिदै गएको छ ।

चालु आर्थिक वर्ष २०७९/२०८० को पहिलो छ महिनामा मात्रै १७ अर्ब ४ करोड रुपैयाँको तरकारी तथा तरकारीजन्य उत्पादनहरु आयात भएको छ । यो तथ्यांक गत आर्थिक वर्ष २०७८/७९ को यस्तै अवधिको तुलनामा झण्डै साढे ५ अर्ब रुपैयाँले कम हो तर आधा वर्षमा १७ अर्बको तरकारी भित्रिनु पनि नेपालजस्तो कृषिप्रधान देशका लागि गम्भीर चुनौतीको सवाल हो । त्यति मात्र होइन थाइल्याण्ड, तान्जानिया, लेबनान, मडागास्कर, क्यानडा, रोमानिया, टर्की, ब्राजिल, मोजाम्बिक, दक्षिण अफ्रिका, भेनेजुएला, इथियोपिया, मालावीसम्मका तरकारी पनि नेपालमा आयात गरिन्छ । भारत र नेपालमा एकसाथ एकैखालका तरकारी ठूलो परिमाणमा उत्पादन हुँदा भारतबाट सस्तो मूल्यमा तरकारी नेपाल आउँछ भने नेपालमा उत्पादन लागत बढी हुँदा मूल्य पनि बढी पर्न जान्छ । भारतमा किसानले मल, बिउ, प्रविधि, सिंचाई आदिको सुविधा तथा सरकारबाट सहुलियत पाउने भएकाले उत्पादन लागत सस्तो पर्छ । त्यसैले उनीहरूले सस्तोमा तरकारी बिक्री गर्न सक्छन् तर नेपाली किसानले त्यस्तो अवसर पाउँदैनन् । नेपालमा सीमित मात्रामा हुने अनुदान पनि पहुँचवालाले नै हात पार्छन्, वास्तविक किसानले पाउँदैनन् । एकातिर यो समस्या छ भने अर्कातिर नेपालमा बिचौलियाको बिगबिगी छ । नेपाललाई तरकारी उत्पादनमा आत्मनिर्भर बनाउन सरकारले दीर्घकालीन र अल्पकालीन कार्यक्रम बनाउनु आवश्यक छ । अल्पकालीनरुपमा नेपाली किसानले उत्पादन गरेको तरकारीको बजार प्रवर्द्धन र भारतीय तरकारी आयातलाई निरुत्साहित गर्नुपर्छ भने दीर्घकालीनमा किसानलाई मल, बिउ र प्रविधिमा अनुदान दिएर सस्तो लागतमा धेरै तरकारी उत्पादन गर्ने बाटोको खोजी गर्नु आवश्यक छ ।

अहिले कृषि उपजको बजार व्यवस्थापनको सवैधानिक अधिकार स्थानीय तहलाई छ । हरेक स्थानीय तहले कृषि भ्यान खरिद गरेर वा कृषिजन्य उपजको ढुवानीमा अनुदान दिएर आफ्नो तहभित्रका किसानले उत्पादन गरेका उपज प्रमुख बजारसम्म पुर्‍याउने मात्रै व्यवस्था गरेर पनि किसानले राम्रो मूल्य पाउनसक्छन् । भारतीय तरकारी आयातमा कडाइ र दीर्घकालीनरुपमा विभिन्न सहुलियतमार्फत कम लागतमा धेरै उत्पादन गर्ने व्यवस्था मिलाउने कार्य अघि बढाउन ढिला भैसकेको छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# निर्देशनको बाढीमा प्रशासन यन्त्र



अच्युतप्रसाद पौडेल

सार्वजनिक प्रशासनका सर्वश्रेष्ठ विद्धान् र दार्शनिक लुथर गुलिकले भने : प्रशासनमा पोस्टकर्व अनिवार्य हुन्छ । कुनै पनि राज्यको अभिन्न अंग हो प्रशासन यन्त्र । लोकतन्त्रमा प्रशासनतन्त्र दरिलो भएन भने नागरिकले सेवा पाउन सक्दैनन्, पाए पनि गुणस्तरीय हुन्न, छिटोछरितो रूपमा पनि हुन्न । हाम्रो प्रशानयन्त्रले सेवा दिने भन्दा निर्देशन दिने काम बढी गरेको छ । संसद निर्देशन दिने, यसका विभिन्न समिति निर्देशन दिने, राष्ट्रिय सभा निर्देशन दिने, स्वयं प्रधानमन्त्री निर्देशन दिँदै २ वटा मोबाइल ल्याउन दिनु भन्ने, गृहमन्त्री रोडा ढुंगा उद्योगीलाई निर्देशन दिने, राहदानी वितरणको भीडमा आफैं पुग्ने मानौं हामीकहाँ निर्देशन दिने काम बहुत छिटो हुन्छ, र मेडियामा पनि आइहाल्छ ।

प्रशासनवेत्ताले भने निर्देशनात्मक आदेशभन्दा प्रयोगात्मक व्यवहार बढी महत्वपूर्ण हुन्छ । प्रशासनका विज्ञ लुथर गुलिकले सिद्धान्त बताउँदै पोस्टकर्वको अवधारणा ल्याए । यसको शाब्दिक अर्थ हुन्छ : प्लानिंग, अर्गनाइजिङ, स्टाफिंग, ट्रेनिङ, कोअर्डिनेटिंग, रिपोटिङ र बजेटिङ । यहाँ हाम्रो प्रशासनयन्त्रका प्रमुखले वा समितिले दिने जस्तो निर्देशन भनौं डिरेक्टिङ शब्द छैन । राज्य सञ्चालनमा मूल विधान बन्छ, त्यसो त लोकतन्त्रकै जननी देश वेलायतमा यस्तो लिखित विधान पनि छैन । संविधान, नीति तय हुन्छ, नीतिमा नेतृत्व हुन्छ, प्रणालीले आफैं काम गर्छ, यहाँ जस्तो सरकारी नेटवर्क नै ह्याकिङ्मा पर्दैन । अमेरिका, जापान, बेलायत, इटली, फ्रान्स, जर्मनी र एसियातिरकै देश चीन, थाइल्यान्ड र पछिल्लो समयमा छिमेकी भारतसमेत लोकतन्त्रको आदर्श नमुनासक्षम प्रशासनयन्त्र सञ्चालित छ भन्नुपर्छ । एसियामा सिंगापुरको उदाहरण, हाल मलेसियाको प्रशासन, र भनौं अन्य देशको सार्वजनिक प्रशासन राम्रो सञ्चालन भएको र सार्वजनिक प्रशासनले अझ फट्को मार्दै अत्याधुनिक विकास प्रशासनसमेत सञ्चालन भइरहेको छ अहिले । विज्ञान र प्रविधिको उच्चतम प्रयोग र विकासले सबै काम सहज भएको अवस्था देखिन्छ । तर, हामीकहाँ प्रशासन हिजोकै शैलीमा बामे सर्दै छ मात्रै होइन वर्षौं लगाएर बनाइएका यस्ता संयन्त्रहरू हामी ध्वस्त पार्दै छौं र एउटै भवन, घरमा ५ वटा मन्त्रालयको साइनबोर्ड राखेर आफ्नालाई रोजगारी दिइरहेका छौं र बजेट समेत ।

हाल सरकार नयाँ भनिएला तर केही मान्छे नयाँ छन्, प्रवृत्ति पुरानै छ । एक महिनाको कार्यकाल पूरा गरिरहँदा कामभन्दा निर्देशन कढी जारी गरेको देखियो अहिले भने प्रधानमन्त्रीको निर्देशन २ मोबाइल छुटको कार्यान्वयन भएन, राहदानीको भीड घटेन, क्रसर उद्योग बन्द गर्ने निर्देशन जारी भएको साता नबित्तै माथिल्लो निकायबाट निर्णय फिर्ता लिइयो । पहिले पनि विद्युतीय सवारी साधनलाई भंसार घटाउने भनिरहँदा उल्टो बढाइएको थियो । सिट पाउँनासाथ सस्तो लोकप्रियताका लागि निर्देशनका बाढी बगाउने, व्यवहारमा जिरो हुने आम्रो संस्कार नयाँ भने होइन, क्रमबद्ध निरन्तरता हो । यहाँ ऐनकानुनको कमी नै छैन, प्रयोग नभएको मात्रै हो । कैयन मापदण्डहरू छन् प्रदूषण नगराउने, स्वस्थ जीवनशैली सञ्चालन गर्ने तर माथिदेखि नै त्यसको अवज्ञा गर्ने परम्परा पुरानै हो । अर्थमन्त्रीले विकास खर्च बढाउने निर्देशन दिए पहिले पनि र अहिले पनि तर पुँजीगत खर्चको यथार्थ सबैलाई थाहै छ । लुथर गुलिकको भनाइ योजना, त्यसका लागि संगठन, संगठनका लागि स्टाफहरू, तिनको कार्यदक्षताका लागि तालिम तिनको समन्वय, च्यानल अनुसारको रिपोटिङ र समग्र प्रणाली सञ्चालनका लागि बजेटको व्यवस्था यही नै मूल मर्म र धर्म हो सार्वजनिक प्रशासनको । सार्वजनिक प्रशासनमा निजामती प्रशासनको दायरा विस्तृत हुने र यसैमा अन्य सबैजसो विधि विधान पर्ने गर्छन् । सेना, प्रहरी, संस्थानलगायतका आफ्नै नियम कानुन भए पनि समग्र राज्यले सञ्चालन गर्ने मूल प्रवाहभन्दा भिन्न ती हुँदैनन् । तर, हामीकहाँ समस्या छ सधैं समन्वयको, रपोटिङ्को, संगठन संयन्त्रको, बजेटको, धेरै समस्या छ । पछिल्लो समस्या देशैभरि प्रभाव पार्ने गृहमन्त्रीको नागरिकता देखियो एक दिन सार्वजनिक शनि'दयगत बिदाबाहेक मन्त्री रवि फेरि नेपाली नागरिक भइहाले । यस्ता प्राविधिक कुरालाई समयमै निराकरण गर्न सकिन्थ्यो, देशैको बेइज्जत गर्नुभन्दा पहिले नै

देश भनौं समग्र राज्य चल्ने विधिले हो । राजनीति शास्त्रका दार्शनिक विद्धान्हरू हब्स, लक, रूसोले संसारका लागि धेरै ठूलो योगदान दिए राजनीति र समाजशास्त्रमा भनौं सिंगो विधिशास्त्रमा । प्लेटो, एरिस्टोटलको नाम सबैले लिने गरेका छन् अहिले पनि । सन् १२१५ को बेलायतको म्याग्नाकार्टाले नागरिकका हकमा पहिलोपटक धेरै बोलेको थियो भने १३औं शताब्दीका विधि शास्त्री बेलायती ब्राक्टन भन्ने विद्धान्ले राज्य चल्ने, संसार चल्ने कानुनबाटै हो पनि भनेकै हुन् । छोटकरीमा भन्नु पर्दा भ्रष्टाचार मुक्त समाजमा कानुनको शासन हुन्छ, विधिको शासन । हामी अहिले २१औं शताव्दीमा छौं कानुनको शासनलाई व्यवहारतः उतार्ने काम बेलायती न्यायमूर्ति सर इड्वार्ड कोकले १३औं शताब्दीमै गरेका थिए । पछिल्लो समय सिंगापुरका लि क्वान र चीनका माओ एवं सि चिङ पिङ नै भइहाले । सूचनामा सर्वव्यापी पहुँच र राज्यप्रतिको तिनको सेवाभावले नै आज यी सबैको नाम लिन योग्य भएको हो । विधिको शासनमा बेलायतले आफ्नो गौरवमय इतिहास बोकेको छ । सन् १८८५ मा त्यहाँ एभी डायसी भन्ने विद्धान्ले आफ्नो पुस्तक ल अफ द कंस्टिच्युसनमा विधिको शासनको विवेचना गरे यसैले हालसम्म बेलायतमा संसदीय सर्वोच्चता छ, त्यहाँ नागरिकको स्वतन्त्रताको संरक्षणका विषयमा न्यायाधीश पनि संसदको मास्टर हुने गर्छन् ।

नेपालमा विधिको शासन भनिएको पनि ७ दशक भइसकेको छ । २००९ सालको बुच कमिसनदेखि प्रसाशनका सुधार र नयाँ आयामहरू स्थापित भइसक्दा पनि देशमा प्रशासनयन्त्र बलियो छैन, प्रशासन सञ्चालन गर्ने कार्यपालिका आपैँ अस्थिर छ, व्यवस्थापिका कोमामा जाँदै ब्युतिँदै गर्ने गरेको छ, न्यायपालिका क्षेत्र पनि निकै अस्थिर छ, जहाँ मारपिट नै भयो गतवर्ष । हामी आफ्नो उद्देश्य र प्रगतिमा पछाडि छौं, समृद्धिको नारा अधुरो छ । प्रशासन सुधारमा सुरूका प्रयत्न नतिजामुखी प्रशासन र भरपर्दो, क्षमतावान् प्रशासनको सुदृढीकरणमा लागेको भनिए पनि परिणाम आशाप्रद देखिएन, आयल निगमको तेलको भाउ घटाउन प्रधानमन्त्रीको आदेश, राहदानीको भीड कम गर्न गृहमन्त्रीको निरीक्षण, महानगरको डोजर कहिले सक्रिय, कहिले निस्क्रय हुने अवस्थाले देशमा विधिको शासनमा प्रश्न उठेको छ । प्रशासन सुधारका कैयन प्रयास भए, धेरै आयोग बने, तिनले दिएका प्रतिवेदन पुस्तकालयमा रहे । भक्ति गर्दै कतिले आफ्नो दुनो सोझ्याए, जनतालाई परिवर्तनको आभास हुन सकेन बरू करको मारमा परे, व्यापार घाटा र ऋणमा डुबेको छ देश, चालू खर्च अधिक र विकासको नाममा गरिने पुँजीगत खर्च कम छ र बिना सूचना कैयन ठेकेदारले काम अलपत्र पारेको अवस्था छ, अस्थिर राजनीतिले पारेको प्रभावले विधिको शासनमा प्रश्न खडा गरेको छ । कतिले लगातार ८ पटकसम्म राजनैतिक नियुक्ति तिनै प्रशासनका कर्मचारीले पाए, भक्ति गर्न नजान्नेहरू पाखा लागे । हाम्रो प्रशासन परम्परागत छ, प्रतिभामुखी छैन । देशमा राजनैतिक संघियता भित्र्याइयो, प्रशासनिक संघीयता आएन र संघीय निजामती ऐन हालसम्म बनेको छैन । आफ्नै मान्छेलाई छान्दै उच्च तहमा राजपाठका सहयोगी बनाइयो, दलको सरकार बदलिनासाथ अर्कोलाई अछुत गराइयो । कर्मचारीको सेवा निवृत्त हुने बेला भएपछि आकर्षक अन्य पदको लोभ देखाएर राजीनामा दिलाउने, अर्को पदमा क्रमशः राजनैतिक नियुक्ति गर्दै जाने परम्परा बसालियो । योग्यता, विज्ञता र क्षमताको प्रश्नभन्दा पनि भेट र भेटीलाई प्रश्रय दिइयो । संसद कोमामा जाँदै ब्युँतिँदै गर्न लाग्यो, अध्यादेशका बाढीहरू आए, राणाशासनमा जस्तै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकको कार्यक्षेत्र शक्ति पृथककीकरणको सिद्धान्तको आभास हुन सकेन ।

राजाको कुर्सीमा दलको कुर्सी विराजमान भएर उर्दी जारी गरेकै भरमा काम हुन्न । काम गर्ने मान्छेको हात हो या मेसिन, प्रविध, त्यसको उपयोग गर्न पनि मानव स्वस्थ मष्तिस्क आवश्यक हुन्छ, अस्वस्थकर मनस्थितिले संसद पसिरमै इलामका युवकले के आक्रोश पोखे, त्यो पनि राज्यलाई नै घाँडोको विषय बनेकै छ । धरै कर्मचारीलाई दलहरूले आफ्नो काममा लगाए । यदि, यसो नभन्ने हो भने दलपिच्छेका संघ संगठन किन त ? पेसागत हितका लागि हो भन सम्बन्धित पेसाकै ऐननियमहरू छन्, आफ्ना कुरा राख्ने सबैलाई अधिकार हुन्छ नै । सरकारी कर्मचारीहरूसँग संगठनमा लाग्नु राम्रो हो भन्ने बहुत कम छन् । चाहिन्छ भने एक मात्र राष्ट्रियस्तरको संगठन हुन सक्ला जसले सामान्य आफ्नो विज्ञप्तिबाट कुरा राख्ने हो, पाखुरा सुर्किँदै बाध्य पार्ने होइन । राजनैतिक दल भन्नु र कर्मचारी संघ संगठन भन्नु फरक विषय हो । संगठनको काम पनि निर्देशन नै जारी गर्ने

बाँकी पृष्ठ ३ मा

# मान्छेले किन अरूको कुरा काट्छ ?

मान्छेको आम प्रवृत्ति नै अरूको चियोचर्चा गर्ने । अरूको बारेमा नकारात्मक टीकाटिप्पणी गर्ने प्रायः मान्छेको स्वभाव हुन्छ । आफन्त, सहकर्मी, चिनेजानेको व्यक्तिकै बारेमा मान्छेले कुरा काटिरहेका हुन्छन् । कुरा काटेर बस्दा कुनै लाभ मिल्ने होइन । तर पनि मान्छेले अरूको कुरा काटिरहेकै हुन्छन् ।

नेपाली समाजमा एउटा उखान छ– आफ्नो आङको भैंसी नदेख्ने, अरूको आङको जुम्रा देख्ने । कुरा काट्ने प्रवृत्ति कुनै न कुनै रूपमा सबैमा भए पनि कतिपय व्यक्तिमा पनि अरूको कुरा काटेर बस्ने बानी नै हुन्छ । हीनताबोधको भावना छ भने त्यो भावनालाई अरूको कुरा काटेर आनन्द लिने मनोविद् डा. नरेन्द्र सिंह ठगुन्ना बताउँछन् ।

विश्वचर्चित मनोवैज्ञानिक सिग्मन्ड फ्राइडका अनुसार जब मानिस तनाव र चिन्ताको अवस्थामा हुन्छ, त्यसको न्यूनीकरण गर्न मानसिक संयन्त्रको रूपमा यस्तो प्रवृत्तिको विकास हुँदै जान्छ ।

किन अरूको कुरा काटिरहेको छु भन्ने स्वयं व्यक्तिलाई थाहा हुँदैन । तर यसको कुनै अतिरिक्त इच्छा, चाहना पूरा नहुँदा उसको अचेतन मनले यस्तो बहाना बनाउँछ वा यस्तो प्रवृत्ति विकास हुने ठगुन्ना बताउँछन् ।

## कुनै फाइदा हुन्छ ?

कुरा काटेर फाइदा हुने भनेको आत्मसन्तुष्टि मात्रै होला । तर यस्तो प्रवृत्तिले कहिलेकाहीं सम्बन्ध बचाइराख्न



भने मद्दत गर्ने ठगुन्ना बताउँछन् ।

'उदाहरणको लागि मलाई कोही व्यक्तिलाई १० बजे भेट्न जानुपर्ने छ तर म साढे ११ मा पुगें भने मैले त बहाना बनाएर भन्छु हेर्नुस् न आउँदै थिए बाटोमा फलानोसँग भेट भयो । उनले के के कुरामा मलाई अल्झाइदिए त्यसैले ढिला भयो । ढिला भयो भन्दा त्यो व्यक्ति मसँग रिसाउने भयो तर अरूले अल्झायो भनेर बहाना बनाउँदा सम्बन्ध बिग्रिने भएन । आत्मरक्षाको विभिन्न जुक्तिमध्ये कुरा काट्ने पनि एउटा युक्ति हो,' उनी भन्छन् ।

कहिलेकाहीं कुरा काट्ने प्रवृत्तिले मानिसको आत्मरक्षा गर्छ । तर यो बानी बढी हुँदै गयो भने त्यस्ता व्यक्तिको सम्बन्ध अन्य व्यक्तिसँग बिग्रिंदै जाने ठगुन्ना बताउँछन् । 'बढी कुरा काट्ने व्यक्तिको बारेमा मान्छेको मनमा नकारात्मक धारणा हुन्छ,' उनी भन्छन् । जसलाई आफ्नो क्षमतामाथि विश्वास हुँदैन त्यस्ता मनोविज्ञान भएका व्यक्तिका कुरा काट्ने प्रवृत्ति हुन्छ । म अरूभन्दा कमजोर छु, मभन्दा क्षमतावान छन् भन्ने मनोविज्ञान भएका व्यक्तिले अरूको कुरा काट्ने ठगुन्ना बताउँछन् ।

'कुरा काट्ने प्रवृत्ति भएका व्यक्तिले त जुनसुकै विषयमा पनि कुरा काट्न सक्ने भए । तर जुन विषयमा व्यक्तिले आफूलाई कमजोर ठान्छ, त्यो विषयमा मेरो भन्दा अर्को व्यक्तिको क्षमता बढी र हेछ भने ठान्छ यस्ता विषयमा धेरै कुरा काट्छन्,' उनी भन्छन् ।

## कुरा काट्ने मान्छेको आनीबानी

धेरै बहाना गर्ने, समयमा काम नगर्ने, सधैं तनावमा रहने व्यक्ति, आफ्नो क्षमतालाई सही तरिकाले मूल्यांकन गर्न नसक्ने व्यक्तिलगायत आनीबानी भएका व्यक्तिमा कुरा काट्ने बानी हुने ठगुन्ना बताउँछन् ।

'व्यक्ति कुनै विषयमा कमजोर छ भने अरूको चियोचर्चा, मूल्यांकन तथा निन्दा गर्दा मैले नराम्रो गरें भन्ने लाग्दैन । निन्दा गर्दा आफ्नो कमजोरी लुक्ने र अरूको कमजोरी देखिने हुँदा उनीहरू केही समय रमाउँछन्,' ठगुन्ना भन्छन्, 'यसो गर्दा मनोवैज्ञानिक रूपमा उनीहरूलाई आत्मसन्तुष्टि हुने भयो । अरूको कुरा काट्ने बानी भएका व्यक्तिमा त्यो बानीपछि उसको व्यक्तित्वको रूपमा विकास हुँदै जान्छ ।'

## पारिवारिक वातावरणको प्रभाव

मान्छेको व्यक्तित्वको विकास कसरी भएको हो, त्यसले कुरा काट्ने बानीको विकास गर्न सहयोग गर्छ । समाज परिवारका धेरै व्यक्तिमा कुरा काट्ने बानी छ भने मैले पनि काट्दा के हुन्छ र भन्ने लागेर यस्तो बानी बस्ने ठगुन्ना बताउँछन् ।

'सामाजिक सिकाइको केही असर त त्यहाँका व्यक्तिहरूमा पर्ने नै भयो,' उनी भन्छन्, 'परिवारका सदस्यमध्ये कसैमा अरूको कुरा काट्ने, अरूको चियोचर्चा गर्ने प्रवृत्ति छ भने त्यो परिवारमा हुर्किएको बच्चामा पनि त्यो बानी सर्छ ।'

# कस्तो हुन्छ पेट ?

पेट राम्रो हुनु र नहुनुले सम्पूर्ण शरीरको अवस्था निर्धारण गर्छ । पेट सफा भएमा पाचन प्रक्रिया सहज हुन्छ । शरीरमा पोषक तत्व भरिपूर्ण हुन्छ । शारीरिक मानसिक रूपमा मान्छे तन्दुरूस्त हुन्छ । तर पेट खराब भएमा ? मान्छे रोगी हुन्छन्, कुपोषित हुन्छन् । यसले मान्छेलाई शारीरिक र मानसिक रूपमा कमजोर बनाउँछ ।

## पेटको संरचना र यसको कार्य

पेट समग्र अंग्रेजी वर्णमालाको 'जे' आकारको अंग हो, जसलाई आमाशय भनेर बुझ्ने गर्छौं । पेट शब्द चलनचल्तीमा आएको शब्द हो । यसको बनावट तरकारी खाने बोडी जस्तै हुन्छ, जुन खानानली पछाडि रहेको हुन्छ । आमाशयपछि सानो आन्द्रा र त्यसपछि ठूलो आन्द्रा अवस्थित हुन्छ । पेटको आकार व्यक्तिपिच्छे फरक हुन्छ । पेट भरिएको बेला फैलिन्छ र खाली हुँदा खुम्चिन्छ । कति खानुभयो भन्ने आधारमा पेटको आकार फरक हुन सक्छ ।

आमाशयको मुख्य काम खाना पचाउने प्रक्रियामा लग्नु हो । पेटले खानेकुरालाई अस्थायी रूपमा भण्डार गर्छ । यसले इन्जाइमहरू र पाचन रस उत्पादन गर्छ । इन्जाइम र पाचन रसको यो मिश्रणले खानालाई मसिनो बनाएर सानो आन्द्रा त्यसपछि ठूलो आन्द्रा हुँदै अनावश्यक वस्तुहरू मलद्वारबाट बाहिर पठाउँछ ।

## खानेकुरा पेटमा पुगेपछि के हुन्छ ?

पेटबाट नै पाचन पक्रियाको काम सुरू हुन्छ । मुखबाट चपाएको खानेकुरा निल्दै जिब्रोले खाना घाँटीतर्फ धकेलिन्छ । खानानलीको माध्यमबाट खाना पेटमा पुग्छ तब पेटले पाचन रस र इन्जाइमहरू उत्पादन गर्छन् । सानो आन्द्रामा खाली गर्न तयार नभएसम्म खाना रोकेर पनि राख्ने गर्छ । तयार भएपछि सानो आन्द्रामा खाना पुग्छ । त्यसको भित्ताले पोषकतत्व र तरल पदार्थ ग्रहण गर्छ । र, आवश्यक नभएको खानेकुरा ठूलो आन्द्रामा पठाउने गर्छ ।

ठूलो आन्द्राबाट आवश्यक नभएको तत्व दिसाको रूपमा मलाशयतर्फ धकेलिन्छ । मलाशय ठूलो आन्द्राको ठ्याक्कै तल्लो भागमा हुन्छ । यसबाट नै दिसा भण्डारण गर्छ र बाहिर पठाउने गर्छ ।

## पेटमा जीवाणुहरू हुन्छन् ?

पेटमा दुई किसिमका जीवाणु हुन्छन् । राम्रो जीवाणु र नराम्रो जीवाणु । राम्रो जीवाणु स्वास्थ्यका लागि फाइदाजनक हुन्छ, जुन ठूलो आन्द्राभित्र बसेको हुन्छ । ती जीवाणुहरूको मद्दतले खानेकुरा पच्न मद्दत गर्छ । त्यसमा शरीर बाहिरबाट आएको नयाँ जीवाणु पेटमा प्रवेश गरेपछि मात्र रोगहरू निम्तिन्छ । त्यसलाई नराम्रो जीवाणु भनिन्छ ।

## पेटमा कस्तो खानेकुरा राम्ररी पच्छ ?

खानेकुरा आफैंमा खराब हुँदैन । व्यक्तिको शरीर अनुसारको माग हुन्छ । जसको तालमेल नमिल्दा वा भनौं सन्तुलित नहुँदा खानेकुरा शरीरले पचाउन सक्दैन । र, रोगहरू निम्तन सक्छ । फाइबरयुक्त खानेकुरा, दही जस्तो प्रोबायोटिक पाचनक्रियाका लागि सुपाच्य मानिन्छ । दहीमा हुने जीवाणुले पाचनतन्त्रलाई स्वस्थ राख्छ ।

त्यस्तै, गहुँजन्य खानेकुरा बढी खाँदा पच्न नसक्ने हुन्छ । त्यसबाहेक प्रोटिन र दूधजन्य पदार्थहरू अत्यधिक खाँदा नपच्न सक्छ । तर यी तत्व पनि शरीरलाई आवश्यक परेको हुँदा सीमित मात्रामा भने खान सकिन्छ ।

# निर्देशनको बाढीमा ... . .

हो भनेपछि काम गर्ने चाहिँ को त ? संगठन आबद्ध नभएका कर्मचारी भेटिँदैनन् ।

एउटै परिवारका कर्मचारी भए श्रीमान् एकातिर, श्रीमती अर्कोतिर, छोरा छोरी अर्को संगठनतिर लागेर सरूवा, काज, आकर्षक अड्डा मिलाउने काम पनि नभएको होइन । अंग्रेजीमा एक उखान छ उपदेश १० वटा भन्दा उदाहरण १ बलियो र राम्रो हुन्छ । उपदेश दिँदै जाने तर कार्यान्वयन नहुने अवस्था छ हामी कहाँ । त्यसैले त योजनाका ठेलीहरूले कल्पना गरेका विषय कल्पनामै सीमित छन् । साँढे आठ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य गरेको चालू १५औं योजनाले तर आधार वर्षमै माइनस तिर पो गयो यथार्थचाहिं । सात सालदेखि धेरै कल्पना गरेको छ देशले तर उल्टो खाडीतिर धकेलिने क्रम संख्या वृद्धि तर आर्थिक वृद्धि दुईअढाइ प्रतिशत औसत मात्र छ । यसमा कति विदेशीको डलर खन्याइयो, कति ऋणको भारी छ, कति व्यापार घाटा छ, कति बेचैनी छ नेपालीई महँगीको र विजुलीको खम्बा हाल्न सात समुद्र परिका मान्छे आउनुपर्ने कति अचम्म छ, भएका उद्योगधन्दा बिक्री गरेर चामल, आटा, मैदा भनौं सबैथरि किन्ने हामी, कति सौखिन भएका छौं । यसलाई बगली बिनाको दौरा नभने के भन्ने त । त्यसैले निर्देशन धेरै भयो । हुकुमी निर्देशनहरू राजाहरूले पनि गरेका थिए, अब राजाको शैलीलाई तोड्न लोकतन्त्र आएको हो भने काम गर्ने हो, गफ होइन ।







प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# 'थाहानगरको सिंचाइ योजना माग गर्नुहोस्, तुरुन्त रेसपोन्स हुन्छ'-राज्यमन्त्री सिंह

◆ विकास संवाददाता

उर्जा तथा सिचाइ राज्यमन्त्री दिपक बहादुर सिंहले थाहानगरको उर्जा र सिंचाइ क्षेत्रमा मन्त्रालयले प्रभावकारी काम गर्ने बताउका छन् । थाहा नगरपालिका कृषि क्षेत्रको लागि प्रख्यात भएकोले कृषि विकासको लागि सिचाइको योजना बोकेर मन्त्रालय आउन आग्रह गर्दै 'प्राविधिकलाई योजना स्टमेट गर्न लगाएर फाइल म कहाँ पठाउनुस् त्यस्को रेस्पोन्स तुरून्त हुन्छ'- सिंहले भने । सबै मिलेर काम गर्ने हो भने एक वर्ष योजना हालेपछि अर्को वर्षबाट मकवानपुर जिल्लालाई योजना नै नचाहिने बनाउने बताउँदै बिजुलीका लागि काम कहिँ अड्किएको छ भने भन्नुस् ठाडो आदेशमा अड्कियको काम पूरा गर्ने उनको प्रतिवद्धता थियो । गाउँघरमा १०/२० मिटर तार र १०/१५ वटा पोल, मक्कियको काठका पोल तथा दुई लाईन तार गएको स्थानमा थ्रीफेज लाइन विस्तार गर्ने कामका लागि निर्णय नै गरिसकेको बताउदै सिचाइको लागि चाहिने उर्जाको व्यवस्था गरेरै छाड्ने राज्यमन्त्री सिंहको भनाइ छ ।

आफु मकवानपुरको जनता मन्त्री भएकोले मन्त्रालयले जनताको लागि गर्ने काममा कुनै कन्जुस्याइ नगरी काम गर्ने उनले बताउ । मकवानपुरको थाहा नगर पालिकामा राप्रपा थाहानगरले १६ माघमा आयोजना गरेको बधाई तथा शुभकामना कार्यक्रममा राज्य मन्त्री सिंहले यस्तो बताएका हुन् । मन्त्री सिंहले आफू भन्दा पहिलाका माननीय र मन्त्री बनेकाहरू जनतामाझ पटक्कै नआएको स्मरण गराउँदै आफूले त्यस्तो नगर्ने बताउदै त्यस्तो गल्ती आफुबाट नहुने स्पष्ट पारे । आफू राप्रपाको मात्र भोटले माननिय नबनेको भन्दै एक पटक दिपक सिंहलाई हेरौ भन्दै भोट हाल्ने तमाम मतदाताहरूलाई धन्यवाद दिए ।




राप्रपा थाहानगरको अध्यक्ष नवीन रायमाझीको अध्यक्षतामा सम्पन्न बधाई तथा शुभकामना कार्यक्रममा राज्यमन्त्री सिंहसंग थाहानगरको विकासको लागि पहलकामी कदम चाल्न आग्रह गर्दै कृषि र पर्यटन पुर्वाधार विकासमा सहयोग गरिदिन आग्रह भएको थियो । कार्यक्रममा राप्रपा बागमती प्रदेश सचिब गुन्जबहादुर न्यौपाने, जिल्ला अध्यक्ष शिवराम थापा, प्रदेश सदस्य नवराज थपलिया, महिला संगठनका जिल्ला अध्यक्ष बालकुमारी डल्लाकोटीलगायत नेता कार्यकर्ताहरूको उपस्तिथि रहेको थियो । मन्त्री भएपछिको पहिलो औपचारिक कार्यक्रम गर्न थाहानगर आइपुगेका राज्यमन्त्री सिंहले १६ माघमै थाहा नगरपालिका वडा नम्बर ९ मा अवस्थित स्वच्छन्द भैरव माविको वार्षिकोत्सव समारोहमा सहभागी भएका थिए भने नगरको प्रसिद्ध धार्मिक स्थल गोरखनाथ मन्दिर दर्शन गरी नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रमा निरीक्षण गरेका थिए ।

# मनहरीमा गणित र नेपाली विषयमा विद्यार्थीहरू कमजोर

◆ विकास संवाददाता

मनहरी गाउँपालिकामा आधारभूत तहको शिक्षा सिकाईको अबस्था खस्कँदो पाइएको छ । मनहरी गाउँपालिकाभित्र गरिएको एक सर्वेक्षणले बालबालिकाको आधारभूत तहमा सिक्नुपर्ने कुराहरूको सिकाई अत्यन्तै कमजोर देखाएको हो । गणित र नेपाली बिषयको सर्वेक्षणमा विद्यार्थीहरूको अबस्था कमजोर मात्रै पाइएन कक्षा १० पढ्ने ८५ प्रतिशत विद्यार्थीलाई भाग गर्न पनि नआउने तथ्यांक सार्वजनिक गरिएको छ ।

शैक्षिक सुधारका लागि देशका विभिन्न स्थानहरूमा स्वयमवकको रूपमा काम गरिरहेको गल्ली गल्ली ललितपुर नामक गैरसरकारी संस्थाले मेरो गाउँ, सिकाइ केन्द्रित गाउँ परियोजना भएको सर्वेक्षणमा १० कक्षामा पढ्ने ८५ प्रतिशत विद्यार्थीलाई भाग गर्न नआएको तथ्याङ्क सार्बजनिक गरेको हो । ६ बर्षदेखि १७ बर्ष उमेरभित्रका विभिन्न कक्षामा पढ्ने र नपढ्ने सबैका लागि यो सर्वेक्षण गरि एको थियो । उनीहरूका लागि सरकारले स्वीकृत गरेको कक्षा २ को गणित पाठ्यक्रममा आधारित रही गुणन, भाग, जोड, घटाउ गर्न लगाइएको थियो ।

मनहरी गाउँपालिकाभित्रका १५९३ जना विद्यार्थीमा गरिएको सर्वेक्षणमा आधार भूत शिक्षा सिकाई अबस्थालाई सुधार गर्नैपर्ने अबस्था देखिएको परियोजनाका बागमती प्रदेश संयोजक जीवन शर्माले बताए ।

सर्वेक्षणमा ७९० जना छात्र र ८०३ जना छात्रा सहभागी थिए । गणित बिषयमा गरिएको सर्बेक्षणमा कक्षा १० मा पढ्ने शत प्रतिशत विद्यार्थीले एक अंक र दुई अंक तह चिनेका थिए । तीमध्ये ८१.८२ प्रतिशतलाई जोड गर्न आउने, ७२.७३ प्रतिशतलाई घटाउ गर्न आउने, ७२.७९ प्रतिशतलाई गुणन गर्न आउने र १५.१५ प्रतिशतलाई भाग गर्न आउने नतिजा प्राप्त भएको हो । कक्षा ११ मा पढ्नेमध्ये पनि ४१ दशमलब ३८ प्रतिशतलाई भाग गर्न नआउने निष्कर्ष सर्वेक्षणले निकालेको छ । कक्षागत रूपमा सिकाइमा हुँदै गएको ह्रास बढ्दै जाँदा विद्यार्थीको अवस्था त्यस्तो हुन पुगेको ह्ो, संयोजक शर्माले भने-'८ कक्षा पढ्ने विद्यार्थीहरूले नेपाली अनुच्छेद राम्ररी पढ्न नसक्ने अबस्था देखिएको छ ।'

उनका अनुसार गणित बिषयमा पनि जोड, गुणन, घटाउ मिलाएर पास हुँदै माथिल्लो कक्षा उक्लेकाहरू भागमा सँधै कमजोर भइरहे र हरेक कक्षाको भागको पाठमा उनीहरूको ध्यान जान सकेन । नेपाली बिषयमा कक्षा १० मा पढ्ने ८७ दशमलब ८८ प्रतिशत विद्यार्थीलाई मात्रै लामो अनुच्छेद राम्ररी पढ्न आउँछ । समस्याग्रस्त विषय र विद्यार्थीहरूलाई छुटेका कुराहरू सिकाउनका लागि विभिन्न टोलहरूमा स्वयम्सेवकहरू परिचालन गरी अढाई महिना पढाउने तयारी पनि परियोजनाले गरेको छ ।

# छ महिनामा ११ अर्ब खर्च

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारको कूल बजेटमध्ये चालु आर्थिक वर्षको छ महिनामा रू ११ अर्ब १९ करोड ६७ लाख ८० हजार खर्च भएको छ । बागमती प्रदेश सरकार प्रदेश लेखा नियन्त्रकको कार्यालय हेटौंडाका अनुसार चालु आवमा रू ७० अर्ब ९३ करोड ९२ लाख ९१ हजार बजेट ल्याएको बागमती प्रदेश सरकारले चालु आवको छ महिनामा रू ११ अर्ब १९ करोड ६७ लाख ८० हजार खर्च गरेको छ । चालु आव २०७९/८० को साउनदेखि पुस मसान्तसम्ममा १५ दशमलव ७८ प्रतिशत कूल खर्च भएको बताइएको छ ।

सो अवधिमा सरकारले रू १६ अर्ब १५ करोड विभिन्न शीर्षकबाट राजस्व संकलन गरेको प्राप्त तथ्याङ्कले जनाएको छ । चालु आवको छ महिनामा उक्त राजस्व संकलन सरकारको खर्चभन्दा बढी देखिएपनि गत आवको तुलनामा कम रहेको छ । गत आवको छ महिनामा सरकारले रू आठ अर्ब खर्च गरेको थियो भने सो अवधिमा सरकरले रू २३ अर्ब राजस्व संकलन गरेको थियो ।

गत आवको सोही अवधिको तुलनामा प्रदेश सरकारको खर्च बढेको छ भने राजस्व संकलनमा २९ प्रतिशतले कम भएको सो कार्यालयले जनाएको छ । सो कार्यालयका प्रमुख लेखा नियन्त्रक हरिप्रसाद उपाध्यायका अनुसार प्रदेश सरकारको मुख्य आयस्रोत घरजग्गा रजिष्ट्रेशन, सवारी साधन, मूल्य अधिवृद्धि कर, लोकसेवाको परीक्षा शुल्क, कृषि फार्मको उत्पादन, प्रशासनिक दण्ड जरिवाना, बेरूजु असुललगायत छन् । साथै सङ्घीय सरकारबाट प्राप्त हुने मूल्य अभिवृद्धिकर घट्दा प्रदेश सरकारको आम्दानीसमेत कम भएको तथा घर जग्गाको रजिष्ट्रेशन शुल्क रू सात अर्ब अनुमानित रहेकोमा सो शुल्क कम भएकाले पनि आम्दानी कम भएको बताइएको छ ।

सरकारको आम्दानी कम भइरहको र खर्च बढी भइरहको विषयमा अध्ययन भइरहेको उनको भनाइ रहेको छ । छ महिनामा खर्च भएकोमध्ये रू छ अर्ब २१ करोड ८६ लाख १८ हजार पाँच सय ६३ चालु र रू चार अर्ब ३७ करोड ८१ लाख ६१ हजार आठ सय ५९ पुँजीगत खर्च हो ।

# राक्सिराङमा खानेपानी आयोजनाको उद्घाटन

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिका ५ स्थित बाङदीराङमा खानेपानी तथा सरसफाई योजना स्थानीयलाई हस्तान्तरण गरिएको छ । रिकभर परियोजनाले सीआरएस नेपालको मुख्य आर्थिक सहयोगमा लुमन्ती र सप्रोस नेपालको सहकार्यमा सम्पन्न भएको २८ वटा खानेपानी धारा २० माघमा स्थानीय उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको हो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख ललित घलानको प्रमुख आतिथ्यतामा धाराको उद्घाटनपछि उक्त योजना स्थानीय बाङदीराङ खानेपानी तथा सरसफाई योजना समितिलाई हस्तान्तरण गरेका हुन् । खानेपानी योजना अन्तर्गत बाङदिराङका २८ घरधुरीमा खानेपानीको धारा जडान भएको छ । सबैजसो घरधुरीमा धारा पुऱ्याउने लक्ष्यका साथ खानेपानी योजना सञ्चालन रिकभर परियोजनाले जनाएको छ । खानेपानी, सिचाई, कृषि, आवासको कार्य क्षेत्र बनाउदै आएका सीआरएस नेपाल, लुमन्ती, सप्रोस नेपालको गाउँ बस्तिमा जागरण शिक्षासंगै व्यावसायिक रोजगारी मुलक बनाउन सफल रहेको प्रमुख घलानले बताए । त्यस्तै, खानेपानी तत्कालको लागि समस्या समाधान भए पनि दिर्घकालिन हुने गरि क्षेत्रअधिकार बढाउन समेत आग्रह गरे ।

संस्थाको कुल बजेट १२ लाख ७० हजार ५ सय ६५ र श्रमदान ४ लाख ९० हजार ७ सय २५ रूपैयाँ गरी खानेपानी निर्माणमा जम्मा १७ लाख ६१ हजार २ सय ९० रूपैयाँ लागत लागेको बताईएको छ । पहिले खानेपानीको लागि धाउनु पर्ने हुन्थ्यो, महिला दिदीबहिनीको दैनिकी पानी ओसार्नु मै बित्थ्यो । सीआरएस नेपाल, लुमन्ती र सप्रोस नेपालको सहयोग पछि घरघरमै पानी आएको छ । हाल २८ घरमा ३० वटा धारा संचालनमा आइसकेको छ । धाराबाट खेरा गएको पानीबाट तरकारी बाली लगाएका छौ । समितिको कोषाध्यक्ष रूक्मिणी बर्तौलाले भने ।

त्यस्तै, रिकभर परियोजना मार्फत निर्माण भएको घरको अनुगमन गरिएको छ । जसमा जिल्ला समन्वय समिति, भुकम्प पुनर्निर्माण प्राधिकरण मकवानपुर, राक्सिराङ गाउँपालिका तथा वडा लगायतको टिमले अनुगमन गरि एको छ । समितिको अध्यक्ष हर्कबहादुर मोक्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समितिको उपप्रमुख सानुकाजी लुईटेल, राक्सिराङ गाउँपालिका उपाध्यक्ष बनस्तम थिङ, डिएलपीयु प्रमुख रबिन पाठक, सीआर एस नेपालकी संजिता श्रेष्ठ, सप्रोस नेपालको कार्यक्रम संयोजक भानु लिम्बु, महेश्वर ढकाल, राक्सिराङ ५ नम्बर वडा अध्यक्ष हरिबहादुर प्रजा लगायतको आतिथ्यता रहेको थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# थाहाका बालक्लब पदाअधिकारीलाई क्षमता अभिवृद्धि तालिम



◆ विकास संवाददाता

थाहा नगरपालिकाको शिखरकोट स्थित शंकर होटलमा बालक्लवका पदाधिकारीहरूका लागि बाल अधिकार र बालक्लब सञ्चालन सम्बन्धी तीनदिने क्षमता अभिवृद्धि तालिम शुरू भएको छ । नगरपालिकाको महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण शाखाको आयोजनामा तालिम शुरू भएको हो ।

तालिममा थाहानगरमा रहेका १२ वटा वडामा गठित बालक्लवका पदाधिकारीहरूको सहभागिता रहेको महिला बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तानले जानकारी दिइन् । नगर पालिकाका सबै १२ वटै वडाका २४ सहभागी बालबालिकाहरूलाई कुमार नेगीले प्रशिक्षण दिइरहेका छन् ।

तालिमको एक समारोहकाबीच थाहानगर उपप्रमुख भरत गोपालीले उद्घाटन गरेका हुन् । कार्यक्रम उद्घाटन गर्दै उपप्रमुख गोपालीले नगर क्षेत्रका बालबालिकाको बालअधिकारको विषयमा गम्भिर भएर लागिपर्ने बताए । उनले पालिकालाई छिट्टै बालमैत्री घोषणाको तयारीमा नगर जुटीरहेको बताउँदै यसको लागि सबैपक्षको सहयोग आवश्यक रहेको औल्याए । बालअधिकार उल्लंघनका घटनालाई न्यूनिकरण गर्नका लागि सबैको निगरानी आवश्यक रहेको उपप्रमुख गोपालीको भनाइ थियो । उनले तालिम सफलताको शुभकामना व्यक्त गरे । कार्यक्रमका सहभागि तथा अतिथीहरूलाई सामाजिक विकास समिति सदस्य तथा कार्यपालिका सदस्य पवित्रासिंह ठकुरले स्वागत गरेकी थिइन् । कार्यक्रममा महिला तथा बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तान, न्युभिजन पब्लिक एकेडेमी घर्तिखोलाका प्रिन्सिपल सुदर्शन कार्की, थाहानगरपालिकाका सामाजिक विकास अधिकृत अनिल लामिछानेलगायतकाले मन्तव्य व्यक्त गरेका थिए ।

थाहानगर बालक्लवका अध्यक्ष खुशी गोपालीको अध्यक्षतामा भएको तालिम उद्घाटन समारोहमा कार्यपालिका सादस्य जनक बहादुर कामी, सुचना शाखा प्रमुख सुरज कुमार भुजेल, शिक्षा समिति सदस्य कविता कार्की, तालिम सहजकर्ता कुमार नेगी, सामाजिक विकास समिति संयोजक दिनेश बल, सूचना प्रविधि अधिकृत भागिरथ कार्की, लगायतकाको आतिथ्यता रहेको थियो ।

# टिष्टुङमा सोनाम ल्होसारको अवसरमा बृहत साँस्कृतिक कार्यक्रम

◆ विकास संवाददाता

सोनाम ल्होसारको अवसरमा थाहा नगरको टिस्टुङमा बृहत सांस्कृतिक कार्यक्रम आयोजना भएको छ । टिस्टुङ सोनाम ल्होसार मुल समारोह समितिको आयोजनामा थाहा नगरपालिका वडा नम्बर ११ स्थित वागेश्वरी माविको प्रांगणमा २० माघमा सोनाम ल्होसारको अवसरमा बृहत सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको हो ।



तामाङ समुदायको कला सास्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रमलाई मकवानपुर क्षेत्र न २ का प्रतिनिधि सभा सांसद महेश कुमार बर्तौलाले उद्घाटन गरे । प्रमुख अतिथी बर्तौलाले पुर्खाले आर्जेको, भाषा धर्म, संस्कार संस्कृति जोगाउनुपर्ने बताए । भाषा धर्म संस्कृति हराए हामी रहनुको कुनै अर्थ नरहने उनको भनाई थियो । उनले भने-'हाम्रो पुर्खाले आर्जेको भाषा धर्म संस्कृति रह्यो भने हामी रहेको सार्थकता रहन्छ, हाम्रो परम पुज्यहरूले आर्जेको थिति नै रहेन भने हामी रहनुको कुनै अर्थ रहदैंन ।' भाषा, धर्म, संस्कार र संस्कृति बचाउन आफु सधै भरी लागिरहेको र लागि रहने प्रतिवद्धता जनाउँदै सांसद बर्तौलाले आफ्नो धर्म संस्कृति बचाउन त्यो वा यो पार्टी नभनी राजनितिबाट माथि उठेर सबै एक जुट भएर लाग्नुपर्ने बताए ।

कार्यक्रममा विशिष्ट अतिथी थाहानगर प्रमुख विष्णु बहादुर विष्टले नेपाल बहु धार्मिक, बहु साँस्कृतीक देश भएकोले यहाँको संस्कृती एवम् परम्पराहरूलाई संरक्षण, संवर्द्धन गर्न आवश्यक रहेको बताउदै स्थानीय पाठ्यक्रममा तामाङ भाषामा अध्यापन गराउन पाठ्यक्रम तयारीको लागि नगरले बजेट समेत बिनियोजन गरि सकेको बताए । कार्यक्रममा थाहानगर उपप्रमुख भरत गोपालीले सबै जात जाती भाषा भाषीहरूको संरक्षण गर्ने योजना, थाहा नगरपालिकाको रहेको बताए ।

उनले पाश्चात्य संगित तर्फ वर्तमान पुस्ताको आकर्षण रहेको बताउँदै आफ्नो मौलिक संस्कृतिकको पनि उत्तिकै जर्गेना गर्नुपर्नेमा जोड दिए । उनले यस्ता विभिन्न जातजातीका आ-आफ्नो सँस्कार सँस्कृतीलाई पर्यटन प्रवर्द्धन सँग जोड्न सके थाहाको पर्यटन विकासमा सहयोग पुग्ने बताए । दुई दिनसम्म संचालन हुने सांस्कृतिक कार्यक्रममा हास्यकलाकार र जनी खड्का, रोहित कार्की, केशव सापकोटा, गायक जीवन बोम्जन, संगितकार बिश्व दोङ, गायक संजिव वाइवा, अविराम मोक्तान, अशोक लामा, गायिका रेश्मा बोम्जन लगायत स्थानीय कलाकारको प्रस्तुति रहेको छ ।

टिस्टुङ सोनाम ल्होछार मुल समारोह समितिका अध्यक्ष राजिव कुमार लामाको अध्यक्षतामा सम्पन्न सांस्कृतिक कार्यक्रम उद्घाटन समारोहमा थाहा नगरपालिका वडा नम्बर ११ का अध्यक्ष दिनेश बल, १२ का अध्यक्ष टिकाराम स्याङ्तान, नेपाल तामाङ घेदुङ संघका सह अध्यक्ष कुमार घिसिङ, घेदुङका मकवानपुर जिल्ला सचिवालय सदस्य किरणमान बल, लगायतका उपस्थिति र हेको थियो। तामाङ समुदायले नयाँ पर्वको रूपमा सोनाम पर्व मनाउँदै आएका छन् । हयोयी/ल्हो बिरालो बर्षका रूपमा मनाईन्छ । अहिलेसम्म तामाङ समुदायले २५५९औं बर्षका रूपमा यसपटक यो पर्व मनाउँदै छन् । सोही अवसरमा विगतका बर्षमा झै यसपटक सांस्कृतिक कार्यक्रम सहित सोनाम पर्व मनाउन लागिएको आयोजक समितिका मंगल तामाङले जानकारी दिए ।

# पालुङ जेसिज सचिवालयमा झण्डोत्तलन

◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा क्रियाशिल सामाजिक संस्था पालुङ जेसिजको सचिवालयमा नेपालको राष्ट्रिय झण्डा तथा पालुङ जेसिजको झण्डोत्तलन गरिएको छ । पालुङ जेसिज सभाहल तथा सचिवालय प्राङ्गणमा एक समारोहकाबीच झण्डोत्तलन गरिएको हो ।

कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली र पालुङ जेसिजका संस्थापक अध्यक्ष पुरूषोत्तम ढकालको हातबाट झण्डोत्तलन गरिएको हो। पालुङ जेसिज बर्ष २०२३ का अध्यक्ष संगम कार्कीको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा पालुङ जेसिजका विभिन्न कार्यक्रम संयोजकहरू, बोर्डका




पदाधिकारी तथा पुर्व अध्यक्षहरूको उपस्थिति रहेको थियो । वर्ष २०२३ का पदाधिकारीहरूको निर्वाचित भएपछिको पहिलो कार्यक्रमको रूपमा जेसिज सचिवालय तथा जेसिल सभाहलको प्राङ्गणमा झण्डोत्तलन गरिएको हो ।

सहिद दिवसको अवसरमा भएको सो कार्यक्रममा सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै सहिदहरूको सम्झनामा दिप प्रज्वलन समेत गरियको थियो ।

# चित्लाङ-थानकोट सडक स्तरीकरण हुने

◆ विकास संवाददाता

मकवानपुरको चित्लाङ-थानकोट सडक (गणेशमानसिं मार्ग) स्तरीकरणको सम्बन्धमा मकवानपुर-२ का सांसद महेश कुमार बर्तौलाले सक्रियता बढाएका छन् । थाहा नगरपालिका र छिमेकी कैलाश तथा इन्द्रसरोवर गाउँपालिका समेतलाई काठमाण्डौं जोड्ने छोटो मार्ग चित्लाङ थानकोट सडकको स्तरीकरणको सम्बन्धमा सांसद बर्तौलाले सडक विभागका महानिर्देशक अर्जुनजंग थापासंग भेटवार्ता भएको छ ।



साँसद बर्तौलाले सडक विभागका महानिर्देशक अर्जुन जंग थापालाई १९ माघमा भेटी सडकलाई प्राथमिकतामा र ाखेर काम गर्न अनुरोध गरेका छन् । सडक निर्माण तथा स्तरीकरणमा भएको ढिला सुस्तीलाई द्रेतगतिमा अघि बढाउन आग्रह गरेका छन् । बर्तौलाले चित्लाङ चन्द्रागीरी सडकसंगै कान्ती लोकपथ सडकको स्तरोन्नती बारे पनि प्राथमिकता राखेर काम गर्न तथा आफ्नो निर्वाचन क्षेत्रमा विभागले हेर्ने सडक, मोटोरेवल पुल तथा स्तरिकरणको काम अगाडी बढाउन विभागलाई अनुरोध गरे ।

सडक विभागका महानिर्देशक थापाले चित्लाङ-चन्द्रागिरी-थानकोट सडक स्तरीकरण गर्न सकारात्मक भएको प्रतिक्रिया दिए । उनले निर्वाचित साँसदसंग समन्वय गरि काम गर्ने प्रतिवद्धता जनाए । महानिर्देशक थापाले सो सडक खण्डमा सडकको चौडा, नाली तथा केहि स्थानहरूमा कटिङको काम गर्न बाँकी रहेको बताए ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# हेटौंडा उपमहानगरमा फुटबल खेलाडीका लागि एकेडेमी

◆ विकास संवाददाता

बागमती प्रदेशको राजधानी हेटौंडाले फुटबलका खेलाडी उत्पादनको लक्ष्य सहित एकेडेमी सञ्चालन गर्ने तयारी थालेको छ। फुटबलका लागि उर्वर भूमिको रूपमा रहेको हेटौंडाबाट नयाँ खेलाडी उत्पादनको लक्ष्य सहित खेलको विकास र प्रवद्र्धनका लागि उपमहानगरपालिकाले खेलाडी उत्पादनलाई प्राथमिकतामा राख्दै काम अघि बढाएको हो।

जिल्लामा सञ्चालन हुने प्रतियोगिता र राष्ट्रिय स्तरका खेलमा हेटौंडाको उत्पादनलाई समावेश गराउँदै नगरको नामलाई थप प्रभावकारी बनाउने उद्देश्य सहित उपमहानगरपालिकाले खेलाडी उत्पादनलाई प्राथमिकतामा राख्दै 'हेटौंडा उपमहानगरपालिका फुटबल एकेडेमी तथा प्रशिक्षण केन्द्र सञ्चालन कार्यविधि, २०७९' स्विकृत गरेको छ। कायविधि स्विकृतीसँगै नगरमा खेलाडी उत्पादनका लागि एकेडेमी सञ्चालनको बाटो खुलेको छ।

स्थानीय तहबाटै खेलाडी उत्पादनलाई प्राथमिकता दिँदै हेटौंडा उपमहानगरपालिकाको १३ औं कार्यपालिका बैठकले कार्यविधी स्विकृत गरेको हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख मिनाकुमारी लामाले बताइन्। कार्यविधि स्विकृतीसँगै उपमहानगरपालिकामा आवासिय सुविधा सहित खेलाडी उत्पादनका लागि एकेडेमी सञ्चालन गर्ने बाटो खुलेको छ। कार्यविधि अनुसार उपमहानगरको १९ वटै वडामा रहेका १२ देखी १४ वर्ष उमेर समुहका महिला तथा पुरुष खेलाडी मध्य अव्वललाई छनौंट गरी एकेडेमीमा राखेर खेल कौशललाई थप निखारता दिइने बताइएको छ।

पारित कार्यविधि अनुसार उपमहानगर क्षेत्रका हरेक वडाबाट १/१ जना महिला तथा पुरुष र यसै क्षेत्रका अव्वल खेलाडी सहित ४५ जनालाई 'क्लोज क्याम्प' मा राखेर नियमित प्रशिक्षण सहित आवास, खानपान, शिक्षा र स्वास्थ्य उपचार सुविधा सहित एकेडेमी सञ्चालन गरीने उपमहानगरपालिकाका प्रवक्ता सबिन न्यौपानेले बताए।

एकेडेमीमा नगरका ४५ जना महिला तथा पुरुष खेलाडीलाई आवासिय सुविधा सहित प्रशिक्षण गराउनका लागि उपमहानगरपालिकाले चालु आर्थिक बर्ष २०७९/०८० का लागि ७५ लाख रूपियाँ रकम विनियोजन गरेको छ। पारित कायविधि अनुसार मकवानपुर जिल्ला फुटबल संघसँगको सहकार्यमा उपहानगर पालिकाका नगर प्रमुख मिनाकुमारी लामा संरक्षक रहेको एकेडेमी तथा प्रशिक्षण केन्द्र सञ्चालन र अनुगमन समितिले एकेडेमीको कामलाई निगरानी र सुधार का लागि निर्देशन दिने छ।

कार्यविधि पास भएसँगै अब जिल्ला फुटबल संघ मकवानपुरसँग फुटबल एकेडेमी सञ्चालनका लागि औपचारिक सम्झौताको काम अघि बढाउने तयारीमा उपमहानपालिका रहेको प्रवक्ता न्यौपानेले बताए। उनका अनुसार फुटबल खेलको उर्वर भुमिको रूपमा रहेको मकवानपुरमा सञ्चालन हुने एकेडेमीबाट उत्पादन हुने खेलाडीले राष्ट्रिय स्तरमा नाम कमाउन सक्ने विश्वास उपमहानगरले लिएको छ। जिल्लामा हुने दुई वटा राष्ट्रिय स्तरका प्रतियोगितामा समेत स्थानीय टोलीमा बाहिरका अव्वल मानिएका खेलाडी समावेस गराउन पर्ने बाध्यतालाई एकेडेमी सञ्चालन पछि समस्या टर्ने विश्वास उपमहानगरपालिकाले लिएको छ।

# आयोडिनको महत्व बुझाउँदै राक्सिराङ गाउँपालिका

◆ विकास संवाददाता

राक्सिराङ गाउँपालिकाले गाउँपालिकाभित्र बसोबास गर्ने चेपाङ समुदायलाई आयोडिनको महत्व बुझाउने उद्देश्यले यस वर्षको आयोडिन महिना सुरु गरेको छ। अझै पनि कतिपय चेपाङ समुदायमा ढिके नुन नै प्रयोग गर्दै आइरहेको भन्दै आयोडिनयुक्त नुनको प्रयोगलाई बढाउन आयोडिन महिना मनाइने गाउँपालिकाले जनाएको छ।

अन्तरष्ट्रिय स्तरमा फेब्रुअरी महिनालाई आयोडिन महिनाकोरूपमा मनाउने गरिन्छ। सोही अभियान स्वरूप मकवानपुरको राक्सिराङ गाउँपालिकाले पशु चौपायालाई समेत आयोडिनयुक्त नुन खुवाउनुपर्ने भन्दै जनचेतना प्रदान गरेको हो।

गाउँपालिकाको वडा नम्बर ५ स्थित प्रजा प्रगती आधारभूत बिद्यालयमा अध्ययनरत कक्षा ७ र ८ का विद्यार्थीहरुलाई आयोडिनको महत्वबारे जानकारी गराइएको राक्सिराङ आधार भूत विद्यालयका सिनियर अहेव यम प्रसाद गौतमले बताए।

ठुला कक्षामा अध्ययनरत विद्यार्थीलाई सिकाएमा उनिहरूले साना भाइबहिनिलाई पनि सिकाउने र घरमा पनि सिकाउन सक्ने हुँदा उनिहरूलाई जानकारी गराइएको उहाँले बताए। साथै उक्त विद्यालयमा अध्ययनरत ४६ जना विद्यार्थीलाई १ किलोको १/१ पाकेट नुन वितरण गरिएको उनले बताए।

थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

सामाजिक सञ्जाल प्रयोगमा सचेतना अपनाऔं !

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिठ्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं।
- आफूले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी